# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) हेटौंडा, नेपाल, साउन ३० गते, २०७९ साल (अतिरिक्ताङ्क १२


## भाग १

## बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## हेटौंडा, नेपाल

बागमती प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७९ सालको ऐन नं. ७

### प्रदेश अनुसन्धान ब्युरो सेवाको गठन, स्थापना, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**<u>प्रस्तावना</u>:** मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपालीको हक हितको रक्षा, सीमा सुरक्षा, प्रदेशको सार्वजनिक सुरक्षा तथा अन्तर प्रदेश सम्बन्धलाई बलियो बनाई सर्वसाधारणको हित कायम गर्दै आन्तरिक एवं राष्ट्रिय सुरक्षालाई प्रत्याभूत गर्न प्रदेश अनुसन्धान ब्युरोको स्थापना, सेवाको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश अनुसन्धान ब्युरो ऐन, २०७९" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको तीसौं दिनबाट प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले दफा १७ बमोजिम ब्युरो पदमा नियुक्त गर्न अधिकार पाएको निकाय वा अधिकारी सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) "निर्देशक" भन्नाले ब्युरोको मुख्य भई काम गर्ने अधिकारी सम्झनु पर्छ।

(घ) "परिवार" भन्नाले ब्युरो कर्मचारीसँग बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा, सौतेनी बाबु सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता

महिला कर्मचारीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ।

(ङ) “प्रदेश” भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(च) “प्रचलित कानून” भन्नाले सोसँग सम्बन्धित त्यस्तो कानून प्रदेशमा भए प्रदेश कानून र नभए सङ्घीय कानून सम्झनु पर्छ।

(छ) "ब्युरो" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश अनुसन्धान ब्युरो सम्झनु पर्छ।

(ज) “मन्त्रालय” भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(झ) “सेवा” भन्नाले प्रदेश अनुसन्धान ब्युरो सेवा सम्झनु पर्छ।

(ञ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भी), पर्मानेन्ट रेजिडेन्ट भिसा (पि.आर) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

## परिच्छेद-२
## ब्युरो सेवाको गठन तथा स्थापना

३. **सेवाको गठन:** (१) प्रदेशमा प्रदेश अनुसन्धान ब्युरो सेवा रहनेछ।

(२) सेवा समावेशी स्वरूपको हुनेछ।

(३) सेवाको गठन र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सेवाका कर्मचारी प्रदेश लोक सेवा आयोगबाट पूर्ति हुनेछ।

४. **प्रदेश अनुसन्धान ब्युरोको स्थापनाः** (१) मन्त्रालय अन्तर्गत रहने गरी प्रदेश अनुसन्धान ब्युरो नामको एक कार्यालय स्थापना गरिनेछ।

(२) निर्देशक सेवाको प्रमुख अधिकारी हुनेछ र निजले अनुसन्धान ब्युरोको कार्यालयको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्नेछ।

(३) ब्युरोको केन्द्रीय कार्यालय प्रदेशको राजधानीमा रहनेछ। अन्य कार्यालय प्रदेश सरकारले तोकेको स्थानमा आवश्यकता अनुसार रहनेछ।

५. **ब्युरोको काम, कर्तव्य र अधिकारः** ब्युरोको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशको सार्वजनिक सुरक्षा व्यवस्थामा असर पुऱ्याउने खालका व्यक्ति, विचार र गतिविधि,

(ख) राष्ट्रिय हित विरुद्धका सूचनाको सङ्कलन, विश्लेषण र प्रवाह,

(ग) विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति, सम्प्रदाय र सम्प्रदायबिचको पारस्परिक सदभाव, सहिष्णुता, एकतामा खलल् पुऱ्याउने खालका गतिविधिहरुको सूचना सङ्कलन, विश्लेषण र प्रवाह,

(घ) अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण, उपयोग र प्रवाह,

(ङ) अन्तरप्रदेश तथा सङ्घ र प्रदेशबिचको सम्बन्धलाई धमिल्याउने गतिविधिको सूचना सङ्कलन, विश्लेषण, उपयोग र प्रवाह,

(च) मानव बेचविखन र लागू औषध कारोबार सम्बन्धी सूचना सङ्कलन, विश्लेषण र प्रवाह,

(छ) प्रदेशभित्र घटेका वा घट्न सक्ने अपराध वा अपराधजन्य जानकारी वा सूचना सङ्कलन, विश्लेषण, उपयोग र प्रवाह,

(ज) नेपालको सार्वभौमसत्ता, राष्ट्रिय सुरक्षा प्रतिकूल हुने सूचनाको सङ्कलन, विश्लेषण, उपयोग र प्रवाह,

(झ) प्रदेश सरकारले आफ्नो क्षेत्राधिकारको कुनै खास प्रकृतिका विषयमा अनुसन्धान गर्न भनी आदेश दिएको घटनाको अनुसन्धान एवं प्रतिवेदन,

(ञ) प्रचलित कानून तथा माथि उल्लिखित कार्यसँग मिल्ने प्रदेश सरकारले तोकिदिएको अन्य कार्य।

## परिच्छेद-३

## अनुसन्धान एवं सूचना सङ्कलन

६. **अनुसन्धान गर्न सक्नेः** (१) कुनै घटना वा विषयले प्रदेशभित्रको सार्वजनिक हित, महत्व वा राष्ट्रिय सुरक्षालाई असर गर्छ भन्ने लागेमा प्रदेश सरकारले त्यस्तो विषयमा शीघ्र सूचना सङ्कलन तथा विश्लेषण गरी अनुसन्धान गर्न ब्युरोलाई जुनसुकै बखत निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धानको लागि तोकिएको अधिकृतले अनुसन्धानको कार्य सम्पन्न गरी राय सुझाव सहितको प्रतिवेदन ब्युरोको प्रमुख कार्यालय समक्ष पेस गर्नु पर्नेछ।

७. **सहयोग गर्नु पर्नेः** (१) यस ऐन बमोजिम सूचना सङ्कलन वा अनुसन्धानको प्रयोजनको लागि ब्युरोका कार्यालयद्वारा माग गरिएको विवरण, तथ्याङ्क लगायतको अन्य कागजात उपलब्ध गराउनु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

(२) ब्युरो कर्मचारीले ब्युरोको परिचयपत्र देखाई कुनै पनि कार्यालय, सङ्घ संस्था वा व्यक्तिको स्वामित्वमा रहेको

स्थान, भवन, घर वा सवारी साधनको धनीलाई लिखित सूचना दिई जुनसुकै बेला प्रवेश गर्न सक्नेछ।

(३) यस दफा बमोजिम कुनै निकाय वा कर्मचारीले सहयोग नगरेमा तुरुन्त माथिल्लो निकायमा जानकारी गराई आवश्यक निर्देशन एवं सहयोग माग गर्न सक्नेछ।

८. **सूचना सङ्कलन गर्न सक्नेः** (१) यस ऐन बमोजिम ब्युरोलाई प्राप्त अधिकार मध्ये कुनै कार्य तत्काल नगर्दा राष्ट्रिय एवं प्रादेशिक सुरक्षामा खतरा पुग्छ भन्ने लागेमा त्यस्तो कार्यको प्रयोजन खोली त्यस्तो कार्यालय रहेको सम्बन्धित जिल्ला अदालतको अनुमतिमा विभिन्न सञ्चार माध्यम वा अन्य माध्यमबाट त्यस्तो व्यक्तिको हुने वा भएका कुराकानी, श्रव्य, दृष्य वा विद्युतीय सङ्केत वा विवरण निगरानी, अनुगमन एवं अभिलेख गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अदालतको अनुमति प्राप्त भएमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा त्यस्तो सूचना प्रदायक संस्थामा सहयोगको लागि अनुरोध गर्नु पर्दछ। यसरी ब्युरोबाट सहयोग माग भई आएमा त्यस्तो सूचना प्रदायक संस्थाले अधिकार प्राप्त अधिकारीले माग गरेको सूचना उपलब्ध गराउनु पर्नेछ।

(३) यस दफा बमोजिम ब्युरोले आफ्नो कार्य जिम्मेवारीका विषयमा सूचना सङ्कलनका लागि प्रदेशभित्र गोप्य अभियान सञ्चालन र सूत्र परिचालन गर्न सक्नेछ। यस्तो अभियान सञ्चालन र सूत्र परिचालन सम्बन्धी विवरण गोप्य रहनेछ।

## परिच्छेद-४

## सेवामा रहने पद र पदपूर्ति

९. **सेवाको पद र तहः** ब्युरोको सेवामा रहने तह र पद देहाय बमोजिम हुनेछः-

| क्र.सं. | पद | तह |
|---|---|---|
| १. | मुख्य अनुसन्धान ब्युरो निर्देशक | अधिकृत एघारौं |
| २. | सह अनुसन्धान ब्युरो निर्देशक | अधिकृत एघारौं |
| ३. | उप अनुसन्धान ब्युरो निर्देशक | अधिकृत दशौं |
| ४. | प्रमुख अनुसन्धान ब्युरो अधिकृत | अधिकृत नवौं |
| ५. | वरिष्ठ अनुसन्धान ब्युरो अधिकृत | अधिकृत आठौं |
| ६. | अनुसन्धान ब्युरो अधिकृत | अधिकृत सातौं |
| ७. | सहायक अनुसन्धान ब्युरो अधिकृत | अधिकृत छैठौं |
| ८. | अनुसन्धान ब्युरो सहायक | सहायकस्तर पाचौं |
| ९. | सूचक | सहायकस्तर चौथो |
| १०. | सहायक सूचक | सहायकस्तर तेस्रो |
| ११. | कार्यालय सहयोगी वा सो सरह | तह विहीन |

१०. **<u>सङ्गठन संरचना र दरबन्दी सृजना</u>**: (१) ब्युरोको सेवाको सङ्गठन संरचना र कर्मचारीहरुको सङ्ख्या प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम सङ्गठन संरचना र सङ्ख्या निर्धारण गर्ने प्रयोजनको लागि सिफारिस गर्न देहाय बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) मुख्य अनुसन्धान ब्युरो निर्देशक, प्रदेश अनुसन्धान ब्युरो - सदस्य

(ग) महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) शाखा प्रमुख(प्रशासन हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ङ) महाशाखा प्रमुख, मन्त्रालय (ब्युरो हेर्ने) - सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम सङ्गठन संरचना र ब्युरो कर्मचारीको सङ्ख्या निर्धारण गर्दा देहाय बमोजिमका विषयलाई आधार मान्नु पर्नेछः-

(क) ब्युरोको जिम्मेवारी, कार्यबोझ, आर्थिक तथा अन्य दायित्व, सेवा प्रवाहको क्षेत्र/भुगोल, उपलब्ध मानव स्रोत, लागत प्रभावको विश्लेषण तथा नवीनतम प्रविधिको प्रयोगको अवस्था,

(ख) अपराधको अवस्था एवं प्रवृत्ति, शान्ति सुरक्षाको स्थिति तथा सम्भाव्य चुनौतीहरु,

(ग) कुनै खास प्रकृतिको सूचना सङ्कलन गर्नु पर्ने अवस्था।

११. **<u>ब्युरोको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रण</u>ः** (१) ब्युरोको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रण मन्त्रालय मार्फत् प्रदेश सरकारले गर्नेछ।

(२) ब्युरो प्रदेश सरकारप्रति उत्तरदायी हुनेछ।

(३) ब्युरोले प्रदेशभित्र आन्तरिक शान्ति सुरक्षा एवं अपराधको रोकथाम, नियन्त्रणको सम्बन्धमा सूचना सङ्कलन र अनुसन्धानको कार्य गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित नीति र कानून बमोजिम गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्दा ब्युरो कर्मचारीले निर्देशकको प्रत्यक्ष रेखदेख, निर्देशन र सुपरिवेक्षणमा गर्नु पर्नेछ।

(५) ब्युरोले प्रदेश सरकारलाई सूचना उपलब्ध गराउँदा

मन्त्रालय मार्फत गराउनु पर्नेछ।

१२. **पदपूर्तिः** (१) ब्युरोको सेवाका खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा पदपूर्ति समितिको सिफारिसको आधारमा नियुक्ति गरिनेछ।

(२) उपदफा (१) बमोजिम खुला प्रतियोगिताको लिखित परीक्षा प्रदेश लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगको प्रचलित कानून बमोजिम सञ्चालन गर्नेछ।

(३) ब्युरोको पदमा नियुक्तिको लागि आवश्यक पर्ने पदपूर्ति प्रक्रिया प्रदेश लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(४) यस ऐनमा व्यवस्था भएदेखि बाहेक ब्युरोको कुनै पनि पदमा अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन।

(५) प्रदेश अनुसन्धान ब्युरोको सेवाको देहायको पदमा देहाय बमोजिम पूर्ति गरिनेछः-

| क्र.सं. | पद | खुला प्रतियोगिता (प्रतिशत) | बढुवाद्वारा (प्रतिशत) |
|---|---|---|---|
| १. | सहायक सूचक | १०० | - |
| २. | सूचक | - | १०० |
| ३. | अनुसन्धान ब्युरो सहायक | ६० | ४० |
| ४. | सहायक अनुसन्धान ब्युरोअधिकृत | - | १०० |
| ५. | अनुसन्धान ब्युरो अधिकृत | ६० | ४० |
| ६. | वरिष्ठ अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा माथिल्लो तहका पद | - | १०० |

(६) ब्युरो सेवालाई समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी तोकिए बमोजिमका उम्मेदवारबीच छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ। यसरी छुट्याइने उम्मेदवारको प्रतिशतको निर्धारण गर्दा देहायका आधार लिनु पर्नेछः-

(क) प्रदेशको जनसङ्ख्या,

(ख) महिला तथा आर्थिक र सामाजिक रूपमा पछाडि परेका तोकिए बमोजिमका वर्ग, जाति तथा क्षेत्र,

(ग) अमर ब्युरो, शहीद तथा बेपत्ता परिवारको सदस्य।

(७) खुला प्रतियोगितात्मक परीक्षाद्वारा समावेशी ढाँचामा पदपूर्ति गरिने अन्य कार्यविधि, मापदण्ड तोकिए बमोजिम हुनेछ। यसरी कार्यविधि तथा मापदण्ड निर्धारण गर्दा देहायको विषय स्पष्ट खुलाउनु पर्नेछः-

(क) उपदफा (६) को खण्ड (ख) र (ग) मध्येबाट यस ऐन बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरुबीच मात्र प्रतिस्पर्धा गराई पूर्ति गरिने,

(ख) एकभन्दा बढी समावेशी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने सम्बन्धित उम्मेदवारले रोजेको कुनै एउटा समूहबाट मात्र प्रतिस्पर्धा गर्न पाउने,

(ग) एक तहमा यस दफा बमोजिमको सामावेशीको सुविधा लिईसके पश्चात माथिल्लो तह वा पदमा पुनः त्यस्तो सुविधा नपाउने कुरा।

(८) यस दफा बमोजिम पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश

वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

(९) तह विहीन पदमा सेवा करारबाट मात्र नियुक्त गरिनेछ।

(१०) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **<u>पदपूर्ती गर्न नहुने</u>**: प्रदेशको ब्युरो हेर्ने किताबखानामा पद दर्ता नगरी ब्युरोको कुनै पनि पदमा पदपूर्ति गरिने छैन।

तर यसरी प्रदेश किताबखानाको व्यवस्था नहुँदासम्म देहाय बमोजिम दर्ता गरी पदपूर्ति गर्न बाधा पर्ने छैनः-

(क) राष्ट्रिय किताबखानामा दर्ता गर्न,

(ख) खण्ड (१) बमोजिम दर्ता हुने अवस्था नभएमा मन्त्रालयले ब्युरो हेर्ने मन्त्रालयको शाखाको जिम्मेवारीमा रहने गरी दर्ताको अभिलेख निर्माण गरी दर्ता गर्न।

१४. **<u>पदपूर्ति समितिः</u>** (१) प्रदेश अनुसन्धान ब्युरोको सेवाको पदमा खुला प्रतियोगिताद्वारा छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रदेश लोक सेवा आयोगका अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य | -अध्यक्ष |
| (ख) सचिव, मन्त्रालय | -सदस्य |
| (ग) निर्देशक, प्रदेश अनुसन्धान ब्युरो | -सदस्य सचिव |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान ब्युरो अधिकृतभन्दा तल्लो पदमा उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्न प्रदेश लोक सेवा आयोग र मन्त्रालयको प्रतिनिधि समेत रहने गरी पदपूर्ति समितिले आवश्यकता अनुसार बढीमा पाँच सदस्य रहेको

छुट्टाछुट्टै पदपूर्ति उपसमिति गठन गरी आफूमा रहेको अधिकार सुम्पन सक्नेछ।

(३) यस ऐन बमोजिम बढुवाद्वारा पूर्ति गर्न छुट्याईएको पदको विवरण पदपूर्ति समितिले सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउनु पर्नेछ।

(४) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **ब्युरो कर्मचारीको न्यूनतम योग्यता तथा अयोग्यताः** खुला प्रतियोगिताद्वारा पूर्ति हुने ब्युरोको सेवाको विभिन्न पदमा उम्मेदवार हुन चाहिने न्यूनतम शैक्षिक योग्यता प्रदेश लोक सेवा आयोगको परामर्शमा तोकिए बमोजिम हुनेछ।

तर देहायका व्यक्ति प्रदेश अनुसन्धान ब्युरोको सेवामा नियुक्त हुन अयोग्य मानिनेछः-

(क) गैर नेपाली नागरिक,

(ख) खुला प्रतियोगिताद्वारा पदपूर्ति हुने सहायकस्तर पदको लागि अठार वर्ष र अधिकृतस्तर पदको लागि एक्काइस वर्ष नपुगेको,

(ग) खुला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा महिलाको हकमा चालीस वर्ष र पुरुषको हकमा पैंतिस वर्ष नाघेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएको,

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त भएको,

(च) अदालतबाट मानव अधिकार हननमा कसूरदार ठहरिएको।

(छ) तोकिए बमोजिमका अन्य अयोग्यता।

१६. **परीक्षाको पाठ्यक्रमः** ब्युरोको खुला प्रतियोगिताद्वारा रिक्त पदमा पदपूर्ति गर्न आवश्यक पर्ने परीक्षाको पाठ्यक्रम तथा परीक्षा प्रणाली प्रदेश लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **नियुक्तिः** (१) ब्युरो सेवाको पदमा नियुक्ति गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) मुख्य अनुसन्धान ब्युरो निर्देशक र सह अनुसन्धान ब्युरो निर्देशक पदमा -प्रदेश मन्त्रिपरिषद्

(ख) उप अनुसन्धान ब्युरो निर्देशक र प्रमुख अनुसन्धान ब्युरो अधिकृत पदमा - मन्त्री, मन्त्रालय

(ग) वरिष्ठ अनुसन्धान ब्यूरो अधिकृत र अनुसन्धान ब्युरो अधिकृत पदमा - सचिव, मन्त्रालय

(घ) सहायक अनुसन्धान ब्युरो अधिकृत र अनुसन्धान ब्युरो सहायक पदमा - मुख्य अनुसन्धान ब्युरो निर्देशक

(ङ) सूचक र सहायक सूचक पदमा -प्रमुख अनुसन्धान ब्युरो अधिकृत

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्ने अधिकारीले भर्ना छनौट समितिको सिफारिसको योग्ताक्रमको आधारमा सिफारिस प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नियुक्ति दिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमको ब्युरो पदमा नियुक्त गर्ने अख्तियारवाला तत्काल उपलब्ध हुन नसकेमा क्रमशः एक तह माथिको अख्तियारवालाले नियुक्त गर्न बाधा पर्ने छैन।

(४) उपदफा (२) बमोजिम दिने नियुक्ति पत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।

१८. **परीक्षणकालः** (१) खुला प्रतियोगिताद्वारा पूर्ति हुने ब्युरोको

कर्मचारीलाई सो पदमा नियुक्ति पाएको मिति कायम हुने गरी एक वर्षको परीक्षणकालमा राखिनेछ।

तर महिला ब्युरो कर्मचारीको हकमा छ महिना परीक्षणकाल हुनेछ।

(२) यस ऐन बमोजिमको परीक्षणकाल पूरा गरेका ब्युरो कर्मचारीको सुरु नियुक्ति स्वतः सदर भएको मानिनेछ।

(३) उपदफा (२) बमोजिम नियुक्ति सदर भएका ब्युरो कर्मचारीको सेवा अवधि सुरू नियुक्ति भएको मितिदेखि नै कायम हुनेछ।

१९. **नियुक्ति बदर हुने अवस्थाः** देहायको अवस्थामा नियुक्ति गर्ने अधिकारले ब्युरो कर्मचारीको नियुक्ति बदर गर्न सक्नेछः-

(क) ब्युरोको आधारभूत तालिममा असफल भई तोकिए बमोजिम मौका दिँदा समेत त्यस्तो तालिममा पुनः असफल भएमा,

(ख) ब्युरोको कर्मचारीमा यस ऐन वा यस ऐन अन्तर्गत बन्ने नियमावली बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा।

२०. **शपथ ग्रहणः** आधारभूत तालिममा उत्तीर्ण भएको ब्युरोका कर्मचारीले तोकिए बमोजिमको कार्यविधि र ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।

२१. **पदाधिकार कायम रहनेः** देहायको अवस्थामा ब्युरो कर्मचारीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरि रहँदासम्म,

(ख) सरुवा भई कार्यभार सम्हाल्न पाईने म्यादसम्म,

(ग) बिदा बसेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) प्रदेश सरकारद्वारा तोकिएको काम गर्दासम्मको अवधिभर,

(च) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर।

२२. **कार्यवाहक र निमित्त**: (१) कुनै कारणले कार्यालय प्रमुखको पद एक महिनाभन्दा बढी अवधिको लागि रिक्त भएमा ब्युरो निर्देशकले रिक्त पदभन्दा एक तह मुनिको सबैभन्दा वरिष्ठ ब्युरोको कर्मचारीलाई कार्यवाहक भई कामकाज गर्न तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यवाहक भई काम काज गर्न तोकिएको ब्युरोको कर्मचारीले त्यस्तो कार्यवाहक भएको पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ।

(३) यस दफा बमोजिम कार्यवाहक नतोकिएको अवस्थामा एक महिनामा ननाघ्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयको सबैभन्दा वरिष्ठ ब्युरोको कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछ। यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने ब्युरोको कर्मचारीको हुनेछ।

(४) कार्यवाहक वा निमित्त भई काम गर्ने ब्युरोको कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र रासन सुविधा पाउनेछ।

तर पन्ध्र दिनभन्दा कम अवधि कार्यवाहक वा निमित्त भई काम गरेबापत भत्ता र रासन सुविधा पाउने छैन।

(५) उपदफा (४) बमोजिम काम गर्ने ब्युरोको कर्मचारीले पाउने तलब भत्ता निजले सो पदमा बढुवा हुँदा पाउने तलब भत्ताभन्दा बढी हुने छैन।

## परिच्छेद-५
## ब्युरो कर्मचारीको बढुवा सम्बन्धी व्यवस्था

२३. **बढुवा समितिः** (१) ब्युरो कर्मचारीहरुको देहायको तह, पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमका बढुवा समितिहरु रहने छन्ः-

(क) अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा माथिको पदको लागिः

(१) सचिव, मन्त्रालय -अध्यक्ष

(२) सचिव, प्रदेश लोक सेवा आयोग - सदस्य

(३) मुख्य अनुसन्धान ब्युरो निर्देशक, प्रदेश अनुसन्धान ब्युरो कार्यालय - सदस्य

(ख) सहायक अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा तल्लो पदको लागिः

(१) मुख्य अनुसन्धान ब्युरो निर्देशक, प्रदेश अनुसन्धान ब्युरो कार्यालय -अध्यक्ष

(२) अधिकृत प्रतिनिधि नवौं/दशौं वा सो सरह, प्रदेश लोक सेवा आयोग -सदस्य

(३) अधिकृत प्रतिनिधि नवौं/दशौं वा सो सरह, मन्त्रालय -सदस्य

(२) बढुवा समितिमा रहेका ब्युरो पदाधिकारी वा निजामती कर्मचारीको नजिकको नातेदार बढुवाको लागि सम्भाव्य उम्मेदवार रहेछ र त्यस्तो उम्मेदवारको बढुवा सिफारिस गर्नु पर्ने भएमा ब्युरो पदाधिकारीको हकमा मुख्य अनुसन्धान ब्युरो निर्देशक र निजामती कर्मचारीको हकमा मन्त्रालयको सचिवले त्यस्तो पदाधिकारीको सट्टा समान तहको पदाधिकारीलाई बढुवा समितिमा काम गर्ने गरी तोक्नेछ।

**स्पष्टीकरण**: यस उपदफाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले बाबु, आमा, सौतेनी आमा, सौतेनी बाबु, पति, पत्नी, छोराबुहारी, छोरी ज्वाईं, दाजु भाउजू, भाई बुहारी, दिदी भिनाजु, बहिनी, बहिनी ज्वाईं, नाति, नातिनी बुहारी, नातिनी, नातिनी ज्वाईं, भान्जा, भान्जी, बुहारी, भान्जी, भान्जी ज्वाईं, भतिजा, भतिजा बुहारी, भतिजी, भतिजी ज्वाईं, सासू, ससुरा, देवर, देवरानी, नन्द, आमाजू, जेठाजु, जेठान, साला, साली, सम्झनु पर्छ।

(३) बढुवा समितिले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने ब्युरो कर्मचारीलाई सोही अनुसार योग्यताक्रम कायम गरी बढुवाका लागि सिफारिस गर्नु पर्नेछ।

(४) बढुवा समितिले बढुवाका लागि सिफारिस गरेका ब्युरो कर्मचारीको नामावली र निजले प्राप्त गरेको कुल प्राप्ताङ्क सहितको सिफारिस सूची सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ।

(५) ब्युरो सेवामा रिक्त हुन आई बढुवाद्वारा पदपूर्ति गर्नु पर्ने भएमा त्यस्तो पदको प्रतिशत निर्धारण भएको मितिले तीन महिनाभित्र बढुवाद्वारा पदपूर्ति गरी सक्नु पर्नेछ।

(६) यस दफा बमोजिमको बढुवा समितिको सचिवालय अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा माथिको पदको लागि मन्त्रालयमा र सहायक अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा तल्लो तहको पदको लागि ब्युरोको मुख्य कार्यालयमा रहनेछ।

(७) बढुवाद्वारा पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. **बढुवाको सम्भाव्य उम्मेदवार हुने**: ब्युरोको रिक्त पदमा बढुवाको निमित्त उम्मेदवार हुन बढुवा हुने तहभन्दा एक तह मुनिको पदको

लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र देहाय बमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछः-

(क) सह अनुसन्धान ब्युरो निर्देशक पदबाट मुख्य अनुसन्धान ब्युरो निर्देशक पदको लागि -तीन वर्ष

(ख) उप अनुसन्धान ब्युरोनिर्देशक पदबाट सह अनुसन्धान ब्युरो निर्देशकपदको लागि -पाँच वर्ष

(ग) प्रमुख अनुसन्धान ब्युरो अधिकृत पदबाट उप अनुसन्धान ब्युरो निर्देशक पदको लागि -पाँच वर्ष

(घ) वरिष्ठ अनुसन्धान ब्युरो अधिकृत पदबाट प्रमुख अनुसन्धान ब्युरो अधिकृत पदको लागि -पाँच वर्ष

(ङ) अनुसन्धान ब्युरो अधिकृत पदबाट वरिष्ठ अनुसन्धान ब्युरो अधिकृत पदको लागि -पाँच वर्ष

(च) सहायक अनुसन्धान ब्युरो अधिकृत पदबाट अनुसन्धान ब्युरो अधिकृत पदको लागि -पाँच वर्ष

(छ) अनुसन्धान ब्युरो सहायकबाट सहायक अनुसन्धान ब्युरो अधिकृत पदको लागि -चार वर्ष

(ज) सूचक पदबाट अनुसन्धान ब्युरो सहायक पदको लागि -चार वर्ष

(झ) सहायक सूचक पदबाट सूचक पदको लागि -चार वर्ष

२५. **<u>बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने</u>**: (१) दफा २४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था र अवधिभर ब्युरो कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) तलब बृद्धि रोक्का भएकोमा सो रोक्का भएको अवधिभर,

(घ) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

(ङ) खाइपाइ आएको तलब बृद्धि घटुवा भएकोमा जति वर्षको तलब वृद्धि घटुवा भएको हो त्यति वर्षसम्म,

(च) ज्येष्ठता सहितको सुरु स्केलमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

(छ) बहाल रहेको पदमा तीन पटकभन्दा बढी नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

(ज) पुनर्बहाली भएको ब्युरो कर्मचारीको हकमा पुनर्बहाली भएको मितिले एक वर्षसम्म,

(झ) कुनै कसूरको सम्बन्धमा छानबिन समितिबाट छानबिन भई मुद्दा दायर भएको अवस्थामा अदालतबाट सफाइ नपाएसम्म,

(ञ) प्राविधिक ब्युरो कर्मचारीको हकमा निजी प्रयासमा अध्ययन गर्नका लागि बिदामा बसेकोमा तोकिए बमोजिमको शर्तनामामा उल्लेख भएको अवधिभर।

(२) सम्भाव्य उम्मेदवार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **<u>बढुवाको आधार</u>**: (१) बढुवा समितिले ब्युरो कर्मचारीलाई कार्यक्षमता बापत पाएको कुल अङ्कको आधारमा बढुवाका लागि सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य क्षमताको मूल्याङ्कनको गर्दा देहाय बमोजिम बढीमा एक सय अङ्क दिइनेछ :-

(क) कार्यसम्पादन मूल्याङ्कन बापत - ४० अङ्क

(ख) ज्येष्ठता बापत - २४ अङ्क

(ग) भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापत - १६ अङ्क

(घ) शैक्षिक योग्यता बापत - १० अङ्क

(ङ) तालिम बापत - ५ अङ्क

(च) बढुवा समितिले दिने - ५ अङ्क

(३) सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन बापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको लागि दरखास्त फारम भर्ने अन्तिम मितिसम्म हासिल गरेको अङ्क गणना गरिने छ।

२७. **कार्य सम्पादन मूल्याङ्कन फारामः** (१) ब्युरो कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्न तोकिए बमोजिमको कार्यसम्पादन मूल्याङ्कन फारम प्रयोग गरिनेछ।

(२) कार्यसम्पादन मूल्याङ्कन आर्थिक वर्षको हिसाबले वार्षिक रूपमा गर्नु पर्नेछ।

(३) ब्युरो कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम अङ्क -२५ अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने -१० अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने -५ अङ्क

(४) बढुवाको प्रयोजनको लागि कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ।

(५) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. **<u>ज्येष्ठता मूल्याङ्कन</u>**: ब्युरो कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क दिँदा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि दुई अङ्कका दरले बढीमा चौबिस अङ्क दिइनेछ।

तर,

(क) एक वर्षभन्दा बढी चानचुन महिना वा दिनका लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ,

(ख) गयल कट्टी भएको अवधिको ज्येष्ठता बापतको अङ्क दिइने छैन।

२९. **<u>भौगोलिक क्षेत्र बापतको मुल्यांकन</u>**: (१) ब्युरो कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापतको अङ्क प्रदान गर्दा तोकिए बमोजिम भौगोलिक क्षेत्रलाई क्रमशः "क", "ख", "ग" र "घ" गरी चार वर्गमा विभाजन गरी वार्षिक रूपमा काम गरेको अनुभव बापत सोह्र अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछः-

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ४ अङ्कका दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि ३.२५ अङ्कका दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि २.५ अङ्कका दरले,

(घ) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि २ अङ्कका दरले।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा एक सय असी दिन वा सोभन्दा बढी अवधि रुजु हाजिर भई काम गरेको भए सोही भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्कको दामासाही

हिसाबले र एक सय असी दिनभन्दा कम अवधि काम गरेको भए जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "घ" वर्गको लागि तोकिएको अङ्क दिईनेछ।

(३) ब्युरो सेवाबाट बर्खास्त भई पुनर्बहाली भएको वा निलम्बन भई त्यस्तो निलम्बन फुकुवा भएको ब्युरो कर्मचारीको हकमा निज रुजु हाजिर नभएको अवधिको वर्खास्त वा निलम्बन हुँदा कार्यरत रहेको भौगोलिक क्षेत्रमा काम गरे बापतको अङ्क दिईनेछ।

(४) अध्ययन विदा वा तीन महिना वा सोभन्दा बढी अवधिको लागि वैदेशिक तालिममा जाने त्यस्तो ब्युरो कर्मचारीलाई "घ" वर्गको लागि तोकिएको अङ्कको आधा अङ्क दिइने छ।

(५) भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्क जुन पदमा बढुवा हुने हो सो पदभन्दा एक तह मुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ।

३०. **शैक्षिक योग्यता**: (१) बढुवाका लागि ब्युरो कर्मचारीलाई निजले हासिल गरेको शैक्षिक योग्यताको आधारमा देहाय बमोजिम बढीमा दश अङ्क दिइनेछ :-

| क्र.सं. | शैक्षिक योग्यता | अङ्क |
|---|---|---|
| १. | हाल बहाल रहेको पदमा नयाँ नियुक्ति गर्दा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत | ८ |
| २. | न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो तहको शैक्षिक योग्यता बापत थप | २ |
| ३. | बढुवाद्वारा हालको पदमा बहाल रहेको ब्युरो कर्मचारीको हकमा क्र.सं. १ बमोजिमको शैक्षिक योग्यता नभएमा सोभन्दा एक तह मुनिको शैक्षिक योग्यता बापत | ५ |

(२) यस ऐन बमोजिम ब्युरो कर्मचारीको बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

३१. **तालिमः** (१) ब्युरो सेवाको पदमा रहँदा लिएको आधारभूत तथा सेवाकालीन तालिम बापत देहाय बमोजिम बढीमा पाँच अङ्क दिइनेछः-

(क) "क" श्रेणी - ५ अङ्क

(ख) "ख" श्रेणी - ३ अङ्क

(ग) "ग" श्रेणी - २ अङ्क

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ब्युरो कर्मचारीलाई तालिम बापतको अङ्क दिंदा तीस कार्य दिनभन्दा कम अवधिको तालिमका लागि कुनै अङ्क दिइने छैन।

(३) श्रेणी नखुलेको तालिम बापत कुनै ब्युरो कर्मचारीको अङ्क गणना गर्दा "ख" श्रेणी बराबरको अङ्क गणना गरिनेछ।

(४) हाल कार्यरत पदमा लिएको तालिम बापतको अङ्क एक तह माथिको पदमा मात्र बढुवाको लागि गणना गरिनेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तालिम बापत अङ्क दिंदा जुन तहको पदमा छँदा आधारभूत तालिम लिएको हो सो पदबाट एक तह माथिको पदमा बढुवा हुन बाहेक अन्य पदमा बढुवाको लागि अङ्क दिइने छैन।

(६) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. **बढुवा समितिले दिने अङ्कः** (१) बढुवा समितिले बढुवा हुने ब्युरो कर्मचारीलाई पाँच अङ्कसम्म प्रदान गर्नेछ। यसरी अङ्क प्रदान गर्दा बढुवा समितिको अध्यक्ष तथा सदस्यले छुट्टाछुट्टै मूल्याङ्कन गरी दिएको अङ्कको औसतबाट बढुवा समितिले अङ्क निर्धारण गर्नेछ।

(२) बढुवा समितिका अध्यक्ष वा सदस्यले उपदफा (१)

बमोजिम अङ्क दिँदा कुनै ब्युरो कर्मचारीलाई दुईभन्दा कम वा चारभन्दा बढी अङ्क दिनु परेमा वस्तुगत कारण समेत उल्लेख गर्नु पर्नेछ।

(३) बढुवा समितिले अङ्क प्रदान गर्दा कार्यक्षमतालाई आधार मानी तुलनात्मक रूपमा बढी अङ्क र सजाय पाएकालाई कम अङ्क दिनु पर्नेछ।

(४) बढुवा समितिले अङ्क दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३३. **बढुवा उपरको उजुरी**: (१) यस ऐन बमोजिम बढुवा समितको बढुवा सिफारिसमा चित्त नबुझ्ने ब्युरो कर्मचारीले बढुवाको सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र देहायको समिति समक्ष उजुरी दिन सक्नेछः-

(क) प्रदेश लोक सेवा आयोगका अध्यक्ष -अध्यक्ष

(ख) प्रदेश लोक सेवा आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य -सदस्य

(ग) सचिव (कानून हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(२) उपदफा (१) बमोजिम परेको उजुरी सम्बन्धमा उजुरी गर्ने म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र उजुरीको टुङ्गो लगाई सक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुट्टा ठहरिएमा उजुरी सुन्ने समितिले सोको अभिलेख राखी सम्बन्धित बढुवा समितिलाई जानकारी गराउनेछ।

(४) बढुवाको उजुरी सुन्ने समितिले कुनै उम्मेदवारले यस ऐन बमोजिम प्राप्त गर्नु पर्ने अङ्क प्राप्त नगरेको वा प्राप्त नगर्नु पर्ने अङ्क प्राप्त गरेको आधारमा बढुवा समितिको सिफारिस संशोधन गर्नु

पर्ने देखेमा सो समेत गरी नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ।

(५) यस दफा बमोजिमको बढुवा उजुरी सुन्ने समितिको सचिवालयको काम मन्त्रालयले गर्नेछ।

(६) बढुवा उपरको उजुरी सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## सरुवा र काज

३४. **सरुवा**ः (१) यस ऐनको अधीनमा रही आवश्यकता अनुरूप ब्युरो कर्मचारीको सरुवा प्रत्येक दुई/दुई वर्षमा गरिनेछ।

तर कम्तीमा अनुसन्धान ब्युरो अधिकृतसम्मको कार्यालय प्रमुख ब्युरो कर्मचारी सरुवा सामान्यतया एक वर्षमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा भौगोलिक अवस्था, कार्यबोझ, कार्य विविधता समेतको आधारमा स्टाफ, नेतृत्व, सहायक नेतृत्व र विशिष्टिकृत समूहहरुमा समान अवसर प्राप्त हुने गरी गरिनेछ।

(३) मन्त्रालयले ब्युरो कर्मचारीको सरुवालाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाउन सरुवा समय तालिका सहितको मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(४) ब्युरो कर्मचारीहरुको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि निम्न अवस्थामा सरुवा सम्बन्धी सामान्यतया अवधि नपुग्दै कुनै ब्युरो कर्मचारीलाई सरुवा गर्न सकिनेछः-

(क) निजले आचरण विरुद्धको कार्य गरेको प्रमाणित भएमा,

(ख) निजले पद अनुसारको जिम्मेवारी पूरा गर्न नसकेमा,

(ग) निजलाई उक्त स्थानमा राखी रहँदा सम्बन्धित स्थानको शान्ति सुरक्षा एवं कार्य वातावरण बिग्रने अवस्था आई परेमा,

(घ) यस ऐन बमोजिम निजलाई विभागीय सजाय गर्नु पर्ने भएमा,

(ङ) तोकिए बमोजिमका अन्य अवस्था आएमा।

३५. **<u>सरुवा गर्ने अधिकारी</u>**ः देहायको ब्युरो कर्मचारीलाई सरुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) सह अनुसन्धान ब्युरो निर्देशकलाई प्रदेश मन्त्रिपरिषद्ले

(ख) उप अनुसन्धान ब्युरो निर्देशक र प्रमुख अनुसन्धान ब्युरो अधिकृतलाई आन्तरिक मामिला तथा कानून मन्त्रीले

(ग) वरिष्ठ अनुसन्धान ब्युरो अधिकृत र अनुसन्धान ब्युरो अधिकृतलाई आन्तरिक मामिला तथा कानून सचिवले

(घ) सहायक अनुसन्धान ब्युरो अधिकृत र अनुसन्धान ब्युरो सहायकलाई निर्देशकले

(ङ) बाँकी अन्य ब्युरो कर्मचारीलाई उप अनुसन्धान निर्देशकले।

३६. **<u>काज सम्बन्धी व्यवस्था</u>**ः(१) ब्युरो कर्मचारीलाई आवश्यकता अनुसार काजमा खटाउन सकिनेछ।

(२) ब्युरो कर्मचारीको काज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-८

## ब्युरो कर्मचारीको तलब, भत्ता, रासन तथा अन्य सुविधा

३७. **ब्युरो कर्मचारीहरुले पाउने सुविधा**ः (१) ब्युरो अधिकृत तथा कर्मचारीहरुले पाउने तलब भत्ता, रासन, चाडबाड खर्च तथा अन्य सुविधा प्रदेश सरकारले प्रदेश राजपत्रमा प्रकाशन गरी तोके बमोजिम हुनेछ।

(२) ब्युरो कर्मचारीले सेवा अवधिभर सहायक अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा माथिको ब्युरो कर्मचारी भए बाह्र महिना बराबरको, अनुसन्धान ब्युरो सहायक कर्मचारी भए अठार महिना बराबरको र अन्य ब्युरो कर्मचारी भए एक्काईस महिना बराबरको खाइपाइ आएको तलब रकमसम्म उपचार खर्च बापत तोकिए बमोजिम प्रक्रिया र मापदण्ड बमोजिम पाउनेछ।

(३) ब्युरो कर्मचारीहरूको मासिक तलबबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरी दिनेछ।

३८. **बिमा सम्बन्धी व्यवस्था**ः (१) प्रदेश सरकारले ब्युरो कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बिमा गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सावधिक जीवन बिमाको व्यवस्थापन गर्न प्रदेश सरकारले आवश्यक प्रबन्ध गर्नेछ।

(३) सावधिक जीवन बिमा तथा बिमा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३९. **बिदा**ः (१) ब्युरो कर्मचारीले देहाय बमोजिमका बिदा पाउने छन्ः-

(क) भैपरी आउने बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) किरिया बिदा,

(ङ) प्रसूति बिदा,

(च) प्रसूति स्याहार बिदा,

(छ) सट्टा बिदा,

(ज) अध्ययन बिदा।

(२) ब्युरो कर्मचारीले अधिकारको रूपमा बिदाको दाबी गर्न पाउने छैन।

(३) उपदफा (१) बमोजिम ब्युरो कर्मचारीले पाउने बिदा सम्बन्धी कार्यविधि लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-९

## ब्युरो सेवाका कर्मचारीको अनिवार्य अवकाश, उपदान तथा निवृत्तिभरण तथा उपचार खर्च

४०. **अनिवार्य अवकाश**: (१) ब्युरो कर्मचारीको अनिवार्य अवकाश देहायको कुनै एक आधारमा पाउनेछः-

(क) देहाय बमोजिमको उमेर पूरा भएकोः-

(१) मुख्य अनुसन्धान ब्युरो निर्देशक र सह अनुसन्धान ब्युरो निर्देशकको हकमा- साठीवर्ष

(२) उपअनुसन्धान ब्युरो निर्देशक, प्रमुख अनुसन्धान ब्युरो अधिकृत, वरिष्ठ अनुसन्धान ब्यूरो अधिकृत र अनुसन्धान ब्युरो अधिकृतको हकमा -अन्ठाउन्न वर्ष

(३) सहायक अनुसन्धान ब्युरो अधिकृत, अनुसन्धान ब्युरो सहायक, सूचक र सहायक सूचकको हकमा -पचपन्न वर्ष

(ख) देहायको पदमा देहायको अवधि पूरा भएको:-

(१) मुख्य अनुसन्धान ब्युरो निर्देशक र सह अनुसन्धान ब्युरो निर्देशकको हकमा -चार वर्ष

(२) अनुसन्धान ब्युरो उपनिर्देशकको हकमा -छ वर्ष

(३) प्रमुख अनुसन्धान ब्युरो अधिकृतको हकमा -दश वर्ष

(२) ब्युरो कर्मचारी माथिल्लो पदमा कायम मुकायम मुकरर भएमा त्यसरी कायम मुकायम मुकरर भएको अवधि उपदफा (१) को खण्ड (ख) को प्रयोजनको लागि पदाधिकार रहेको साविकको पदको अवधिमा गणना गरिनेछ।

(३) ब्युरो कर्मचारीले उपदफा (१) को खण्ड (क) र (ख) मा उल्लिखित उमेरको हद वा पदावधि मध्ये जुन अवधिबाट पहिले अवकाश हुने हो सोही आधारमा सेवाबाट अवकाश पाउने छन्।

(४) यस दफा प्रयोजनको लागि ब्युरो कर्मचारीको उमेरको गणना तोकिए बमोजिम हुनेछ।

४१. **नोकरी अवधिको गणना**: यस परिच्छेदको प्रयोजनको लागि नोकरी अवधिको गणना गर्दा सेवाको कुनै पदमा स्थायी नियुक्ति भई निरन्तर नोकरी गरेको जम्मा अवधिलाई गणना गरिनेछ।

४२. **राजीनामा दिन सक्ने**: (१) ब्युरो कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अवकाश लिन सक्नेछ।

(२) ब्युरो कर्मचारीको राजीनामा स्वीकृत गर्ने अधिकार अख्तियारवालालाई हुनेछ।

(३) ब्युरो कर्मचारीको नोकरी अवधिको गणना तोकिए बमोजिमको हिसाबबाट हुनेछ।

४३. **नोकरी छोड्न नपाउने**: (१) कुनै पनि ब्युरो कर्मचारीले आफू गम्भिर बिरामी परेमा वा अङ्गभङ्ग भई सेवा गर्न नसक्ने वा मानसिक सन्तुलन गुमेको अवस्था बाहेक नियुक्ति भएको पाँच वर्षसम्म नोकरी छोड्न पाउने छैन।

(२) उपदफा (१) विपरीत नोकरी छोड्ने ब्युरो कर्मचारीलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट लगानी भएको तथा स्वदेश र विदेशमा गराईने आधारभूत तालिम लगायतका रकम असुल उपर गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा गरे बापत निजले पाएको तलब, राशन, दैनिक भ्रमण भत्ता तथा तोकिए बमोजिमको सरकारी स्केलमा पाउने सरसामान बापतका रकमहरु असुल उपर गरिने छैन।

४४. **उपदान**:(१) पाँचवर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको ब्युरो कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अलग भएमा वा त्यस्तो ब्युरो कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त आयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहाय बमोजिम उपदान पाउनेछः-

(क) पाँच वर्षभन्दा बढी दश वर्षसम्म नोकरी गरेको ब्युरो कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेको ब्युरो कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षभन्दा कम नोकरी गरेको ब्युरो कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब।

**<u>स्पष्टीकरण</u>**: यस दफा र दफा ४१ को प्रयोजनको लागि "आखिरी तलब" भन्नाले ब्युरो कर्मचारीको अवकाश प्राप्त गर्ने अवस्थाको तलबलाई जनाउँछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै ब्युरो कर्मचारी निलम्बनमा रहेको भए त्यस्तो अवधिको निमित्त पनि पूरै तलबको हिसाब गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो ब्युरो कर्मचारीलाई उपदान दिइने छैन।

**४५. <u>निवृत्तिभरण</u>**:(१) बीस वर्ष वा सोभन्दा बढी समयसम्म ब्युरोको सेवामा काम गरेको ब्युरो कर्मचारीले नोकरीबाट अवकाश पाएको मितिले योगदानमा आधारित निवृत्तिभरण पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नागरिकता वा उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो ब्युरो कर्मचारीलाई निवृत्तिभरण दिइने छैन।

(३) उपदफा (१) वा (२) बमोजिम दिईने निवृत्तिभरणको हिसाब देहाय बमोजिम हुनेछः-

(क) सहायक अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा माथिल्लो ब्यूरो कर्मचारीको हकमाः-

$$\frac{\text{नोकरी वर्ष x आखिरी महिनाको तलब रकम}}{\text{५०}}$$

(ख) अनुसन्धान ब्युरो सहायक र सोभन्दा मुनिको ब्युरो कर्मचारीको हकमाः-

$$\frac{\text{नोकरी वर्ष x आखिरी महिनाको तलब रकम}}{\text{४०}}$$

(४) अवकाश भई ब्युरो सूचक र सोभन्दा मुनिको पदबाट निवृत्तिभरण पाइरहेका व्यक्तिको उमेर साठी वर्ष पूरा

भएपछि निजले पाइरहेको निवृत्तिभरणको अङ्कमा तीस प्रतिशत थप गरिनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरणको न्यूनतम रकम समान पदको बहालवाला ब्युरो कर्मचारीको तलब स्केलको सुरु अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला ब्युरो कर्मचारीको तलबको सुरु स्केलभन्दा बढी हुने छैन।

(६) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै ब्युरो कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा निवृत्तिभरणको लागि आवश्यक पर्ने सेवा अवधि पुऱ्याउन चाहिने वर्ष थप गरी निजको परिवारलाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको ब्युरो कर्मचारीले यस ऐन बमोजिम निवृत्तिभरण पाउने छैन।

(८) बहालवाला ब्युरो कर्मचारीको तलबवृद्धि हुँदा तलबको सुरू अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम समान पदका निवृत्त ब्युरो कर्मचारीको निवृत्तिभरण रकममा पनि थप गरिनेछ।

(९) ब्युरोका कर्मचारीहरु तथा तिनका परिवारहरुले पाउने उपचार खर्च, पारिवारिक निवृत्तिभरण तथा उपदान, असाधारण पारिवारिक निवृत्तिभरण र उपदान, सन्ततीवृत्ति र शैक्षिकवृत्ति, अशक्तवृत्ति प्राप्त गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) यस दफा बमोजिम प्रदान गरिने निवृत्तिभरण र उपदान लगायतका अन्य सुविधा योगदानमा आधारित हुनेछ।

## परिच्छेद-१०

## आचरण

४६. **दान, दातव्य, उपहार लिन नहुने**: (१) सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी ब्युरो कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यले स्वदेशी वा विदेशी कसैबाट पनि कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापट लिन वा अरू कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्न हुँदैन।

(२) ब्युरो कर्मचारीले विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा प्रदेश सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ।

४७. **सम्पत्तिको विवरण दिनु पर्ने**: प्रत्येक ब्युरो कर्मचारीले नेपाल सरकारले तोकेको फाराममा आफ्नो सम्पत्ति विवरण भरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र सम्बन्धित कार्यालय मार्फत यस ऐनले तोकेको निकायमा पेस गर्नु पर्नेछ।

तर नयाँ नियुक्ति भएको ब्युरो कर्मचारीले त्यस्तो नियुक्ति भएको साठी दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

४८. **कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने**: ब्युरो कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई देहायका काम गर्नु हुँदैनः-

(क) कुनै बैङ्क, कम्पनी वा सहकारी संस्थाको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न।

४९. **<u>सरकारी कामकाज सम्बन्धी समाचार प्रकाश गर्नमा प्रतिबन्धः</u>** (१) ब्युरो कर्मचारीले प्रदेश सरकारद्वारा अथवा विशेष रूपबाट अख्तियार नपाई आफूले कर्तव्यको पालना गर्दा प्राप्त गरेको कुनै गोप्य वा आफूले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अनधिकृत कर्मचारी वा गैर सरकारी व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा बताउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको प्रतिबन्ध जुनसुकै कारणले प्रदेश अनुसन्धान ब्युरो सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू हुनेछ।

५०. **<u>रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय वा अन्य सञ्चार माध्यमसँग सम्पर्क राख्न नहुने</u>**: (१) ब्युरो कर्मचारीले मन्त्रालयको अनुमति प्राप्त नगरी कुनै रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय वा अन्य सञ्चार माध्यममा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशन गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन।

तर ब्युरो सङ्गठनको प्रवक्ताको रूपमा तोकिएको ब्युरो कर्मचारीले सम्बन्धित ब्युरो सङ्गठनको प्रमुखको अनुमतिमा कार्यालयको गतिविधि सम्बन्धी जानकारी वा सूचना प्रवाह गर्न बाधा पर्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक र व्यावसायिक विषयको लेख प्रकाशन वा प्रसारण गर्न सकिनेछ।

तर त्यस्तो लेख प्रकाशन वा प्रसारण गरेपछि आफ्नो कार्यालयमा जानकारी गराउनु पर्नेछ।

५१. **<u>प्रेसको सहारा लिन नहुने</u>**: कुनै ब्युरो कर्मचारीले निजको कर्तव्य पालनाको सम्बन्धमा लगाइएको आरोपको निमित्त मन्त्रालयको पूर्व स्वीकृति नलिई प्रेस अथवा सञ्चार माध्यमको सहारा लिन हुँदैन।

५२. **<u>सरकारको आलोचना गर्न नहुने</u>**: (१) नेपाल सरकारको नीतिको विपरीत हुने गरी वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र नेपाली जनताबिचको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल् पर्न सक्ने गरी कुनै ब्युरो कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन आदिद्वारा मन्तव्य प्रसारण गर्न, सामाजिक सञ्जालबाट कुनै कुरा व्यक्त गर्न, कुनै सामग्रीको प्रचार प्रसार गर्न, कुनै सार्वजनिक मन्तव्य दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन।

५३. **<u>निर्वाचनमा भाग लिन नहुने</u>**: ब्युरो कर्मचारीले कुनै राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन, प्रचार—प्रसार गर्न, जुलुसमा भाग लिन, चन्दा दिन वा कसैको लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्न हुँदैन।

तर प्रचलित कानून बमोजिम मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

५४. **<u>राजनीतिमा भाग लिन नहुने</u>**: ब्युरो कर्मचारीले कुनै राजनीतिक दल वा दलसँग आबद्ध सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन, त्यस्ता दल वा सङ्गठनलाई चन्दा दिन वा अन्य कुनै राजनीतिक गतिविधिमा भाग लिन हुँदैन।

५५. **<u>राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने</u>**: ब्युरो कर्मचारीले

आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले आफूभन्दा माथिका अधिकृत वा अन्य ब्युरो कर्मचारी माथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन।

५६. **समय पालन र नियमितता**: ब्युरो कर्मचारीले नियमित रूपले आफ्नो पालोमा कार्यालयमा वा आफू खटिएको ठाउँमा हाजिर हुनु पर्नेछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कार्यालयमा वा आफू खटिएको ठाउँमा अनुपस्थित हुनु हुँदैन।

५७. **अनुशासन र आदेश पालन**: ब्युरो कर्मचारीले देहाय बमोजिमको अनुशासन र आदेश पालना गर्नु पर्नेछः-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परतासाथ पालना गर्नु पर्ने,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताकासाथ पालना गर्नु पर्ने,

(ग) आफूभन्दा माथिका सबै अधिकृतप्रति उचित आदर देखाउनु पर्ने र आफू मातहतका ब्युरो कर्मचारीप्रति उचित व्यवहार गर्नु पर्ने,

(घ) उच्छृङ्खल गतिविधि गर्न नहुने,

(ङ) विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सेवाका मूल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरीतका कार्यहरु गर्न गराउन नहुने।

५८. **लैङ्गिक संवेदनशील हुनु पर्ने**: ब्युरो कर्मचारी आफ्नो काम, कारबाही र व्यवहारमा लैङ्गिक संवेदनशील हुनु पर्नेछ।

५९. **कानून विपरीत विवाह गर्न नहुने**: ब्युरो कर्मचारीले बिहावारी सम्बन्धी प्रचलित कानून विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन।

६०. **स्थायी आवासीय अनुमति लिन नहुने**: (१) ब्युरो कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा सोको लागि आवेदन दिन हुँदैन।

(२) कुनै ब्युरो कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित ब्युरो कर्मचारीले आफू कार्यरत कार्यालयमा देहाय बमोजिमको विवरण पेस गर्नु पर्नेछः-

(क) आफ्नो नाम, थर, सेवा, समूह, उपसमूह र हालको पद,

(ख) पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम।

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रदेश अनुसन्धान ब्युरो कार्यालयमा पठाउनु पर्नेछ।

६१. **हातपात वा जोरजुलुम गर्न नहुने**: कुनै ब्युरो कर्मचारीले आफूभन्दा माथिल्लो वा मातहतको ब्युरो कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन।

६२. **घरायसी कामकाजमा खटाउन वा लगाउन नहुने**: कुनै पनि ब्युरो कर्मचारीलाई प्रचलित कानून बमोजिम कुनै व्यक्तिको सुरक्षाको प्रयोजनको लागि खटाउन बाहेक कसैको घरायसी कामकाज गर्ने प्रयोजनको लागि खटाउन वा लगाउन हुँदैन र कुनै ब्युरो कर्मचारी त्यस्तो कामको लागि खटिन हुँदैन।

६३. **यौनजन्य दुर्व्यहार गर्न नहुने**: ब्युरो कर्मचारीले यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन।

६४. **यातना दिन नहुने**: ब्युरो कर्मचारीले अपराध अनुसन्धान वा अन्य

कुनै पनि कार्य गर्दा कसैलाई पनि यातना दिनु हुँदैन।

६५. **प्रदर्शन र हड्ताल गर्न प्रतिबन्धः** (१) ब्युरो कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, कलम बन्द गर्न, सरकारको विरुद्ध दबाब सृजना गर्ने उद्देश्यले अनसन बसी, अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन।

(२) यस दफा विपरीत कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याएमा त्यस्तो ब्युरो कर्मचारीलाई विभागीय सजाय गरी क्षतिपूर्ति समेत भराइनेछ।

६६. **प्रतिनिधित्व गर्न नहुने**ः ब्युरो कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन।

६७. **अन्य आचरण**ः ब्युरो कर्मचारीले तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्नेछ।

## परिच्छेद-११
## विभागीय सजाय तथा पुनरावेदन

६८. **विभागीय सजायः** ब्युरोको सेवामा नियुक्त भएका ब्युरो अधिकृत तथा कर्मचारीलाई उचित र पर्याप्त कारण भएमा देहाय बमोजिमको विभागीय सजाय दिन सकिनेछ :-

(क) सामान्य सजायः

(१) नसिहत दिने,

(२) चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(३) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(४) बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्ने,

(५) खाइपाइ आएको बढीमा पाँच तलब वृद्धिसम्म घटुवा गर्ने,

(६) हालको पदको ज्येष्ठता सहित खाइपाइ आएको सुरु स्केलमा घटुवा गर्ने,

(७) एक तहको तल्लो पदमा घटुवा गर्ने।

(ख) विशेष सजायः

(१) भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

६९. **नसिहत दिने वा प्रतिकूल राय लेख्ने**ः देहायको अवस्थामा कुनै ब्युरो अधिकृत तथा कर्मचारीहरुलाई यातना नहुने गरी नसिहत दिन वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्न सकिनेछः-

(क) कार्यसम्पादन सन्तोषजनक नभएमा,

(ख) तालिममा खटाउँदा नगएको वा तालिम अवधिमा लापर्बाही गरी गैर जिम्मेवारीपूर्ण व्यवहार देखाएमा,

(ग) सेवाग्राहीको पिरमर्का र उजुरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालन नगरेमा,

(घ) सेवाग्राहीलाई दुर्व्यवहार गरेमा,

(ङ) सरुवा भएर वा अन्य सरकारी कामको सिलसिलामा खटिएका बखत मनासिब आधार र कारण विना बाटोका म्याद पछि सम्बन्धित कार्यालयमा हाजिर हुन नगएमा,

(च) दुई पटकसम्म लिखित चेतावनी पाएमा वा सचेत गराइएमा।

७०. **बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्ने**: देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले ब्युरो कर्मचारीको बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्न वा बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्न सक्नेछः-

(क) आफूले सम्पादन गर्नु पर्ने काम कारबाहीमा लापर्बाही गरेमा,

(ख) यस ऐन वा अन्य प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ग) कानून बमोजिम माथिल्लो दर्जाको अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(घ) दफा ४७, ४८, ४९, ५०, ५६, ५७, ५८, ६२, ६६, ६७ बमोजिमका आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा,

(ङ) दफा ६९ बमोजिमको सजाय दुई पटक पाइ सकेपछि पुनः सो दफा बमोजिम कुनै काम गरेमा।

७१. **बढीमा पाँच तलब वृद्धि घटुवा गर्ने वा सुरु स्केलमा घटुवा गर्ने वा तल्लो पदमा घटुवा गर्ने**: देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले कुनै ब्युरो कर्मचारीले खाइपाइ आएको बढीमा पाँच तलब वृद्धि घटुवा गर्न वा हालको पदको ज्येष्ठता सहित खाइपाइ आएको सुरु स्केलमा घटुवा गर्न वा तल्लो पदमा घटुवा गर्न सक्नेछः

(क) अनुशासनहीन काम गरेमा,

(ख) दफा ४६, ५१, ५२, ५९, ६१ मा उल्लिखित आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा,

(ग) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा,

(घ) कानून बमोजिम दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

(ङ) मनासिब कारण नभई वा बिदा नलिई अनुपस्थित भएमा वा गैर हाजिर भएमा,

(च) लापर्बाही गरेमा वा नियम आदेशको पालना नगरेमा,

(छ) लापर्बाही गरी सरकारी सम्पत्ति हानि नोक्सानी गरेमा,

(ज) नैतिक पतन देखिने फौजदारी कसूर बाहेकको अन्य कुनै फौजदारी अभियोगमा कैद बाहेक जरिबाना वा क्षतिपूर्ति भराउने वा दुबै सजाय भएमा।

७२. **<u>सेवाबाट हटाउने वा वर्खास्त गर्ने</u>**: (१) देहायको कुनै पनि अवस्थामा ब्युरो कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) आफ्नो पदीय जिम्मेवारीमा बराबर लापर्बाही गरेमा,

(ख) आचरण सम्बन्धी कुराहरु बराबर उल्लङ्घन गरेमा,

(ग) ड्युटिको समयमा बराबर मादक पदार्थ सेवन गरेमा,

(घ) बराबर अनुशासनहीन काम गरेमा,

(ङ) दफा ५३, ५४, ५५, ६०, ६३, ६४ र ६५ मा उल्लिखित आचरण उल्लङ्घन गरेमा,

(च) बिदा स्वीकृति नगराई लगातार पैंतालीस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(छ) दफा ६९, ७० र ७१ बमोजिमको सजाय तीन/तीन पटक पाईसके पछि पुनः सो दफा बमोजिमको कुनै काम गरेमा,

(ज) नैतिक पतन देखिने बाहेकका अन्य कुनै फौजदारी कसूरमा दोषी ठहर भई कैद सजाय भएमा, सरकारी कार्य सम्पादनमा संलग्न हुने क्रममा प्रचलित कानून बमोजिम लागेको कुनै अभियोगमा दोषी ठहर भई छ महिनाभन्दा कम कैद सजाय भएमा,

(झ) अध्ययन बिदा पूरा गरी फर्किएपछि तोकिए बमोजिमको अवधिसम्म सेवा नगरेमा।

(२) देहायको कुनै अवस्थामा ब्युरो कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवा बर्खास्त गरिनेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएमा,

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(ग) स्थायी आवासीय अनुमति लिएमा वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएमा,

(घ) ब्युरो विशेष अदालतबाट दोषी ठहरिएमा।

७३. **कार्यालयमा अनुपस्थित भएमा वा झुट्टा विवरण पेस गरेमा हुने कारबाहीः** (१) बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने ब्युरो कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ। यसरी गयलकट्टी भएको अवधि अनिवार्य अवकाश बाहेक अन्य प्रयोजनको लागि निजको सेवा अवधिमा गणना हुने छैन।

(२) कुनै पनि ब्युरो कर्मचारीले झुट्टा कारण देखाई बिदा लिई बसेको ठहरेमा बिदा बसेको अवधिलाई गैर हाजिर गराई गैर हाजिर सम्बन्धी कसूरमा कारबाही हुनेछ।

७४. **सजाय सम्बन्धी कार्यविधिः** (१) ब्युरो कर्मचारीलाई यस ऐन

बमोजिमको विभागीय सजायको आदेश दिनुअघि विभागीय सजाय आदेश दिने अधिकारीले निजलाई कारबाही गर्न लागिएको व्यहोरा स्पष्ट उल्लेख गरी कम्तीमा सात दिनको मौका दिई लिखित सूचना दिई आफ्नो सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लिखित सूचनामा निज उपर लगाइएको आरोप स्पष्ट रूपले किटिएको हुनु पर्दछ। साथै प्रत्येक आरोप कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ।आरोप लागेको ब्युरो कर्मचारीले त्यस्तो सूचनामा उल्लिखित म्यादभित्र आफ्नो सफाइ लिखित रूपमा पेस गर्नु पर्नेछ।

(३) सजायको आदेश दिन पाउने अधिकारीले उपदफा (१) बमोजिम सफाइ पेस गर्न दिइएको म्यादभित्र सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्तो ब्युरो कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ।

(४) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको ब्युरो कर्मचारीको सम्बन्धमा ब्युरो सेवाबाट हटाउन वा बर्खास्त गर्दा तोकिए बमोजिम गर्नु पर्नेछ।

तर नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भइसकेको अपराध गरेको वा ब्युरो विशेष अदालतबाट ठहर गरी कैदको सजाय पाएको कुनै ब्युरो कर्मचारीलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिए पुग्नेछ।

(५) विभागीय सजाय गर्ने अधिकारीले कुनै ब्युरो कर्मचारीलाई बर्खास्त गर्ने, सेवाबाट हटाउने दर्जा वा तलब घटाउने, आदेश दिंदा सो गर्नाको आधार सहितको अभियोग, सो

बारे जाँचबुझ गरेको व्यहोरा, निजलाई सफाइको मौका दिएकोमा निजको सफाइको जिकिर र सो जिकिर बमोजिमको केही बुझिलिएको भए सो समेत बारे आफ्नो ठहर लेखी सफाइको मौका नदिएकोमा सो दिन मनासिब नपरेको अवस्था देखाई व्यहोरा खुलाएको पर्चा समेत खडा गरी सही गरी मिसिल सामेल राख्नु पर्छ।

(६) दफा ६८ को खण्ड (ख) बमोजिम विशेष सजाय गर्नु पूर्व प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

(७) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित अख्तियार दुरूपयोग सम्बन्धी कानून बमोजिम सो आयोगबाट कुनै ब्युरो कर्मचारीलाई विभागीय कारबाहीको लागि लेखी आएमा आवश्यक प्रक्रिया पूरा गरी सोही बमोजिम विभागीय कारबाही गर्नु पर्नेछ।

(८) विभागीय सजाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**७५.** **निलम्बनः** (१) कुनै ब्युरो कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजायको आदेश दिन पाउने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो ब्युरो कर्मचारीलाई निलम्बन गर्न सक्नेछ। यसरी निलम्बन गर्दा निलम्बन गर्नुको आधार र कारण स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने निलम्बनको अवधि छ महिनाभन्दा बढी हुने छैन। निलम्बन अवधिमा निज उपरको कारबाहीको किनारा लगाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै पनि ब्युरो कर्मचारीलाई निलम्बन गर्नु पर्दा देहायको अवस्था विद्यमान हुनु पर्नेछ :-

(क) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा झुट्टा प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो

विरुद्धको सबुद् प्रमाण गायब वा नष्ट गर्न सक्ने देखिएमा, वा

(ख) निलम्बन नगरी ओहोदाको काम गर्न दिंदा थप सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा, वा

(ग) कुनै ब्युरो कर्मचारीले गरेको कार्यको कारणले निजलाई निलम्बन नगरे सङ्गठनभित्रका कर्मचारीहरुमा नैराश्यता, उत्तेजना आउने वा जनमानसमा नकारात्मक असर पर्न सक्ने वा ब्युरो सङ्गठन कै प्रतिष्ठामा आँच आउने भएमा।

(४) उपदफा (१) बमोजिम निलम्बन अवस्थामा रहेको ब्युरो कर्मचारीले पाउने तलब भत्ताको आधा रकममात्र पाउनेछ।

(५) कुनै फौजदारी अभियोगमा वा ऐन अन्तर्गतको कसूरमा गिरफ्तार भई थुनिएको वा त्यस्तो आरोप लागेको ब्युरो कर्मचारी साधारण तारेखमा छुटेको अवस्थामा बाहेक सो मुद्दामा फैसला नभएसम्म स्वतः निलम्बनमा रहनेछ र सो मुद्दामा फैसला हुँदा सफाइ पाएमा त्यस्तो निलम्बन फुकुवा भई सेवामा बहाली हुनेछ।

(६) यस ऐन तथा प्रचलित कानून बमोजिम निलम्बित ब्युरो कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निजले सो अवधिको निलम्बनमा रहेका अवस्थामा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पूरै तलब(तलब वृद्धि हुने भएमा सो समेत) पाउँनेछ।

तर,

(क) कसूरदार ठहरिएमा निलम्बन भएको मिति देखिको बाँकी तलब भत्ता पाउने छैन।

(ख) कुनै ब्युरो कर्मचारी सरकारी कामको सम्बन्धमा वा कुनै कर्मचारीलाई तोकेको दायित्व पालनाको क्रममा प्रदेश सरकारबाट भएको कारबाही स्वरूप निलम्बन भएको नभई अरु नै कारणबाट स्वयं निलम्बन हुन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन।

(७) सुरु अदालतबाट सफाइ पाएको कुनै ब्युरो कर्मचारी माथिल्लो अदालतबाट दोषी ठहर भएमा सो कुराको जानकारी दिने दायित्व सम्बन्धित ब्युरो कर्मचारीको हुनेछ। त्यसरी जानकारी नदिएको कारणबाट त्यस्तो अवधिको तलबभत्ता पाएको भए सो रकम सरकारी बाँकी सरह असूर उपर गरिनेछ।

७६. **सेवाको अन्त्य गर्न सक्ने**: कुनै ब्युरो कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त्य गर्नु पर्ने भएमा ब्युरो अख्तियारवालाले पर्चा खडा गरी सेवाको अन्त्य गर्न सक्नेछ। यसरी सेवाको अन्त्य गर्दा दफा ७५ बमोजिमको कार्यविधि अपनाउनु पर्ने छैनः-

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुँदै,

(ख) नेपाल सरकार वा प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले शारीरिक वा मानसिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा।

७७. **सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारीः** (१) दफा ६८ को खण्ड (क) मा उल्लिखित सामान्य सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी तोकिए बमोजिम हुनेछ।

(२) दफा ६८ को खण्ड (ख) मा उल्लिखित विशेष सजायको आदेश दिने अधिकार अख्तियारवालालाई हुनेछ।

(३) उपदफा (२) बमोजिम भएको सजायको पुनरावेदन सुन्ने अधिकार प्रदेश सरकारलाई हुनेछ।

७८. **पुनरावेदनको कार्यविधिः** (१) दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने ब्युरो कर्मचारीले जुन कार्यालय मार्फत कारबाहीको आदेश गरिएको हो सोही कार्यालय मार्फत वा सोझै पुनरावेदन सुन्ने अधिकारीलाई सम्बोधन गरी पुनरावेदन दिन सक्नेछ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त आफूसँग भएको प्रमाण राखी शिष्ट भाषामा लेखी दिनु पर्नेछ। पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पुनरावेदन दिँदा आदेशको सूचना पाएको मितिले पैंतिस दिनभित्र दिनु पर्नेछ।

(४) विभागीय सजायको आदेश सम्बन्धमा पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

७९. **पुनर्वहाली भएमा पाउने सुविधाः** (१) कुनै ब्युरो कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी दिइएको आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई सेवामा पुनः कायम भएमा त्यस्तो ब्युरो कर्मचारीले सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धि समेत पाउनेछ।

तर भगौडा वा गैर हाजिर भै सेवाबाट हटाइएको वा

बर्खास्त गरिएको ब्युरो कर्मचारी सेवामा बहाली भएमा निजले भगौडा वा गैर हाजिर भएको अवधिको कुनै पनि सुविधा पाउने छैन।

(२) उपदफा (१) मा तोकिए बमोजिम तलब, भत्ता तथा तलब वृद्धि पाउने भए सो तलब भत्ता बापतको रकम निजको पुनर्बहाली भएको दरबन्दीबाट पाउनेछ।

(३) सुरु अदालतबाट फौजदारी अभियोगमा दोषी ठहरी सोही कसूरमा विभागीय कारबाही भई सेवाबाट अलग गरिएका ब्युरो कर्मचारीले उक्त फौजदारी अभियोगमा पुनरावेदन तहबाट सफाइ पाएमा निज सेवामा पुनर्बहाली हुनेछ।

## परिच्छेद-१२

## कसूर तथा सजाय

८०. **कसूर गरेको मानिनेः** प्रचलित सङ्घीय कानूनले तोकेको कसूर कुनै ब्युरो कर्मचारीले गरेमा सोही कानून बमोजिम कसूर गरेको मानिनेछ।

८१. **दण्ड सजायः** ब्युरोको कुनै कर्मचारीले प्रचलित सङ्घीय कानून बमोजिमको कुनै कसूर गरेमा सोही कानूनमा तोकिएको कसूर बमोजिम सजाय हुनेछ।

८२. **क्षतिपूर्ति तिर्नु पर्नेः** (१) दफा ८१ बमोजिम कसूर गरेको कारणबाट सङ्घ, प्रदेश सरकार वा कुनै निकाय वा व्यक्तिलाई हानि नोक्सानी भएको रहेछ भने त्यस्तो कसूरदारले सम्बन्धित निकाय वा व्यक्तिलाई मनासिब माफिकको क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति त्यस्तो कसूरदारको निजी घरघरानाबाट असुल उपर गरिनेछ।

(३) उपदफा (१) बमोजिमको कसूरदारबाट ठहरेको क्षतिपूर्ति असुलउपर हुन नसकेमा निजलाई क्षतिपूर्ति नतिरे बापत

प्रचलित कानून बमोजिम कैद सजाय हुनेछ।

**८३. कसूरको अनुसन्धान तथा छानबिनः** (१) ब्युरो कर्मचारीले प्रचलित कानूनमा तोकिएको कसूर गरेको वा गर्न लागेको जानकारी प्राप्त भएमा मन्त्रालयमा त्यस्तो कसूरको अनुसन्धान तथा छानबिन गर्न देहायको छानबिन समिति गठन हुनेछः-

(क) अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा माथिको पदको लागिः-

(१) सचिव, मन्त्रालय - अध्यक्ष

(२) उपन्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ताको कार्यालय - सदस्य

(३) उप अनुसन्धान ब्युरो निर्देशक, ब्युरो केन्द्रीय कार्यालय - सदस्य

(४) उपसचिव वा सो सरह (कानून), मन्त्रालय -सदस्य सचिव

(ख) सहायक अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा तल्लोको पदको लागिः-

(१) उपसचिव वा सो सरह(ब्युरो हेर्ने), मन्त्रालय - अध्यक्ष

(२) मुख्य न्यायाधिवक्ताको कार्यालयले तोकेको अधिकृतस्तरको कर्मचारी (सरकारी वकिल) एकजना - सदस्य

(३) ब्युरोको केन्द्रीय कार्यालयले तोकेको अनुसन्धान अधिकृत एकजना - सदस्य

(४) मन्त्रालयले तोकेको कानून अधिकृत एकजना - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिलाई त्यस्तो

कसूरको अनुसन्धान तथा छानबिन गर्ने प्रयोजनको लागि सबुद प्रमाण सङ्कलन गर्ने, खानतलासी गर्ने वा त्यस्तो कसूरसँग सम्बन्धित जुनसुकै कागजात बरामद, मुचुल्का गर्ने लगायत प्रहरी कर्मचारीलाई भए सरहको अधिकार हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिले अनुसन्धान अवधिभर त्यस्तो आरोप लागेको कर्मचारीलाई निलम्बनमा राख्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले छानबिन गर्दा अभियुक्त उपर लागेको अभियोग पुष्टि हुने देखिएमा प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकाय समक्ष मुद्दा दायर गर्न प्रतिवेदन सहितको पुष्टयाँई लेखी पठाउनेछ।

(५) उपदफा (४) बमोजिम अधिकार प्राप्त निकायले प्राप्त अनुसन्धान प्रतिवेदनलाई आधार मान्ने वा थप अनुसन्धान गर्न आवश्यक भए मन्त्रालयको सहमति लिई प्रचलित कानून बमोजिम अनुसन्धान तथा छानबिन गरी आवश्यक प्रक्रिया पूरा गरी अधिकार प्राप्त निकाय समक्ष मुद्दा दायर गर्नु पर्नेछ।

८४. **अनुमति लिनु पर्नेः** ब्युरोले आफ्नो कामको सिलसिलामा कुनै सञ्चार माध्यमको प्रयोग गर्नु परेमा सोको स्वीकृति मन्त्रालयको सचिवबाट लिनु पर्नेछ।

## परिच्छेद-१३

## ब्युरो कर्मचारीको व्यवस्थापन सम्बन्धी अन्तरिम व्यवस्था

८५. **पदपूर्तिको अन्तरिम व्यवस्था**ः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख भए तापनि वरिष्ठ अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा माथिल्लो ब्युरोको पदमा सोही सेवाबाट पदपूर्ति हुने अवस्था नभएसम्म देहायको पदमा देहायको योग्यता पूरा गरेका व्यक्तिहरुबीच प्रतिस्पर्धा गराई नियुक्त गर्न बाधा पर्ने छैनः-

(क) मुख्य अनुसन्धान ब्युरो निर्देशक पदको लागिः सङ्घ वा प्रदेशको कुनै पनि सुरक्षा निकायको राजपत्राङ्कित प्रथम श्रेणी/पद/तह वा सो सरहको श्रेणी/पद/तहमा सेवा गरेका वा सेवा गरी निवृत्त भएका व्यक्तिहरुबिच प्रतिस्पर्धा गराई।

(ख) सह अनुसन्धान ब्युरो निर्देशक, उप अनुसन्धान ब्युरो निर्देशक, प्रमुख अनुसन्धान ब्युरो अधिकृत र वरिष्ठ अनुसन्धान ब्युरो अधिकृतको पदको लागिः सङ्घ वा प्रदेशको कुनै पनि सुरक्षा निकायको सम्बन्धित श्रेणी/पद/तहको समान श्रेणी/पद/तहमा सेवा गरेका वा त्यस्तो श्रेणी/पद/तहमा सेवा गरी निवृत्त भएका वा यस ऐन बमोजिम त्यस्तो तहभन्दा एक तह मुनिको तहबाट सो तह वा पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने समयावधि पूरा भएका व्यक्तिहरुबीच प्रतिस्पर्धा गराई।

**स्पष्टीकरण**: यस दफा प्रयोजनको लागि "सुरक्षा निकाय" भन्नाले सङ्घको हकमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल विशेष सेवा तथा प्रदेशको हकमा प्रदेश प्रहरी र अनुसन्धान ब्युरो सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्रतिस्पर्धाको लागि मन्त्रालयले प्रदेश लोक सेवा आयोगलाई पदपूर्तिको लागि माग गरी पठाउनेछ।

(३) उपदफा (२) बमोजिम माग प्राप्त भए पश्चात प्रदेश लोक सेवा आयोगले कम्तीमा एक्काईस दिनको सूचना प्रकाशन गर्नेछ।

(४) यस दफा बमोजिम तोकिएको पदको पदपूर्तिको

लागि प्रतिस्पर्धा गर्ने परीक्षाको किसिम, प्रक्रिया तथा कार्यविधि प्रदेश लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (४) बमोजिम प्रतिस्पर्धाको माध्यमबाट सिफारिस भई आएको व्यक्तिलाई अख्तियारवालाले नियुक्त गर्नेछ।

तर यस ऐन बमोजिमको नियुक्त गर्ने सम्बन्धित अख्तियारवाला तत्काल उपलब्ध नभएमा क्रमशः एक तह माथिको अख्तियारवालाले नियुक्त गर्न बाधा पर्ने छैन।

(६) यस दफा बमोजिम नियुक्त हुने निर्देशक सहित अन्य ब्युरो कर्मचारीको अवकाशको आधार दफा ४० बमोजिमको सम्बन्धित पद/तहको उमेर र अवधि हुनेछ।

तर,

(क) निर्देशक सहित त्यस्ता ब्युरो कर्मचारीको कार्यकाल पूरा नहुँदै ब्युरो सेवाकै पदबाट दफा १२ को उपदफा (५) बमोजिम यस ऐनको प्रक्रिया पूरा गरी पदपूर्ति हुने भएमा यस दफा बमोजिम नियुक्त भएको ब्युरो कर्मचारी पदको कार्यकाल स्वतः समाप्त हुनेछ। त्यस्तो पदमा पदपूर्ति गर्दा यस दफा बमोजिम सुरु नियुक्ति गर्दा तत्काल कायम रहेको सङ्गठन संरचनालाई आधार मान्नु पर्नेछ।

(ख) यस दफा बमोजिम नियुक्त गरिएको ब्युरोको कुनै पनि पद कायम राखी राख्न तत्काल कुनै पनि किसिमबाट सङ्गठन संरचना हेरफेर/थपघट गर्न पाइने छैन।

(७) यस दफा बमोजिम नियुक्त हुने निर्देशक सहित अन्य ब्युरोका कर्मचारीले निवृत्तिभरण पाउने छैन।

तर अन्य सुविधा यसै ऐनमा तोकिएको शर्त पूरा गरी लिन पाउनेछ।

(८) यस दफामा उल्लेख नभएका ब्युरो कर्मचारीको अन्य व्यवस्थाका सम्बन्धमा यसै ऐन बमोजिम हुनेछ।

८६. **समायोजन हुन सक्नेः** (१) प्रचलित सङ्घीय कानून बमोजिम प्रदेशमा समायोजन भई आएका प्रदेश प्रहरीले ब्युरोको सेवामा समायोजन हुन सक्नेछ।

तर यस ऐन बमोजिम उमेरको आधारमा अवकाश हुन तीन वर्ष वा सोभन्दा कम रहेको प्रहरी कर्मचारीले यस प्रक्रियामा भाग लिन पाउने छैन।

(२) उपदफा (१) बमोजिम समायोजन हुन चाहने प्रदेश प्रहरी कर्मचारीलाई एक पटकको लागि प्रदेश सरकारले प्रदेश लोक सेवा आयोगको परामर्शमा प्रदेश सरकारले तोकेको कार्यविधि तथा मापदण्ड पूरा गरी एक तह माथिको ब्युरोको सेवाको पदमा बढुवा गरी पदस्थापन गर्न सक्नेछ।

(३) यस दफा बमोजिम समायोजन गर्दा समायोजन हुने प्रदेश प्रहरीको खाइपाइ आएको पारिश्रमिकमा मर्का नपर्ने गरी गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम समायोजनको कार्यविधि एवं मापदण्ड प्रदेश सरकारले प्रदेश लोक सेवा आयोगको परामर्शमा निर्धारण गरे बमोजिम हुनेछ।

८७. **खटाउन सक्नेः** (१) ब्युरोको पदमा तत्काल जनशक्तिको अभाव भई ब्युरोको काम कारबाहीमा प्रभाव पर्ने भएमा प्रदेश सरकारले प्रदेश प्रहरीको कुनै प्रहरी कर्मचारीलाई निश्चित अवधि तोकी ब्युरोको सोही स्तरको कर्मचारीको काम, कर्तव्य र अधिकार प्रयोग गर्ने गरी खटाउन सक्नेछ।

(२) यस दफा बमोजिम खटिएको प्रहरी कर्मचारी खटिएको अवधिभर ब्युरो सङ्गठनप्रति उतरदायी हुनु पर्नेछ। यसरी खटिएको अवधिमा यस ऐन बमोजिमको कसूर गरेमा यसै ऐन बमोजिम कारबाही हुनेछ।

(३) यस दफा बमोजिम खटिएको ब्युरो कर्मचारीको सेवा सुविधा निजले खाइपाइ आएकोभन्दा कम नहुने गरी ब्युरो कार्यालयले उपलब्ध गराउनेछ।

## परिच्छेद-१४
## विविध

८८. **पुरस्कृत गरिने**: (१) प्रत्येक वर्ष अनुशासित, विशेष जिम्मेवारी निर्वाह गर्ने उर्जाशील ब्युरो कर्मचारी छनौट गरी प्रोत्साहन गर्न देहाय बमोजिम पुरस्कारको व्यवस्था गरिनेछः-

(क) सर्वोत्कृष्ट अनुसन्धान ब्युरो सेवा पुरस्कार,

(ख) उत्कृष्ट अनुसन्धान ब्युरो सेवा पुरस्कार,

(ग) अनुसन्धान ब्युरो सेवा पुरस्कार।

(२) उपदफा (१) बमोजिमको पुरस्कारको लागि कर्मचारी छनौट गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) मुख्य अनुसन्धान ब्युरो निर्देशक -सदस्य

(३) उपदफा (१) बमोजिम प्रदान गरिने पुरस्कारको सङ्ख्या, रकम र अन्य कुरा तोकिए बमोजिम हुनेछ।

८९. **सूचनाको आदान प्रदानः** (१) राष्ट्रिय सुरक्षा, शान्ति वा सुव्यवस्थासँग सम्बन्धित सूचना ब्युरोले प्राप्त गरेमा सोको

जानकारी मन्त्रालय मार्फत तत्काल सङ्घीय सरकारलाई दिनु पर्नेछ।

(२) सङ्घीय सरकारको शान्ति सुरक्षासँग सम्बन्धित कुनै निकायले ब्युरोसँग कुनै सूचना माग गर्न चाहे त्यस्तो कार्यालयले मन्त्रालय मार्फत माग गर्नु पर्नेछ।

(३) ब्युरोले सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सुरक्षा निकायलाई कुनै सूचना तत्काल नदिई नहुने देखिएमा मन्त्रालयसँग समन्वय गरी जानकारी गराउन सक्नेछ।

(४) ब्युरोले मन्त्रालयको समन्वयमा अन्य कुनै प्रदेशको अनुसन्धान ब्युरोसँग समन्वय एवं सहकार्य गरी आवश्यक सूचना सङ्कलन, विश्लेषण र प्रवाह गर्न सक्नेछ। यसरी प्राप्त भएको सूचना तत्काल मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

९०. **अधिकार प्रत्यायोजनः** (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त कुनै अधिकार प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको अधिकारी वा कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐनद्वारा कुनै अधिकारीलाई प्रदान गरिएको कुनै अधिकार आफ्नो सामान्य रेखदेखमा काम गर्ने गरी निजले आफू मुनिको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

९१. **समन्वय गर्नु पर्नेः** यस ऐन बमोजिम सूचना सङ्कलनका लागि अन्य प्रदेशमा गोप्य अभियान वा सूत्र परिचालन गर्न आवश्यक परे ब्युरोले मन्त्रालय मार्फत सम्बन्धित प्रदेश सरकार वा त्यस्तो विषय हेर्ने मन्त्रालयसँग समन्वय गरी गर्नु पर्नेछ।

९२. **बचाउः** (१) परिच्छेद-१२ बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दामा बाहेक सेवाका कर्मचारी वा ब्युरोको काममा लगाइएका व्यक्तिले आफ्नो कर्तव्य पालनाको सिलसिलामा सङ्कलन गरेको सूचना वा जानकारी कहिले, कसलाई दिएको वा के कस्तो सूचना वा जानकारी सङ्कलन गरेको भन्ने विषयलाई लिएर त्यस्तो कर्मचारी वा व्यक्तिलाई कुनै पनि निकाय, अधिकारी वा अदालत समक्ष प्रश्न गरिने र उपस्थिति गराइने छैन।

(२) ब्युरो कर्मचारीले यस ऐन बमोजिम कर्तव्य पालन गर्दा वा पाएको अधिकार असल नियतले प्रयोग गर्दा त्यस्तो कार्यका लागि निज सजायको भागी हुन र हर्जना तिर्न पर्ने छैन।

(३) कुनै ब्युरो कर्मचारी बहाल छँदा आफ्नो ओहोदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि प्रदेश सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन।

(४) यस दफा बमोजिमको कार्यको सम्बन्धमा कुनै ब्युरो कर्मचारी उपर कुनै मुद्दा चलेमा निजको तर्फबाट प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ।

९३. **हतियार प्रयोग सम्बन्धी व्यवस्था**ः (१) ब्युरोको कर्मचारीले प्रयोग गर्ने हतियार सम्बन्धी मापदण्ड दफा ९७ बमोजिम निर्माण हुने कार्यविधि एवं निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम हतियारको प्रयोग सम्बन्धी मापदण्ड बनाउँदा नेपाल सरकार, गृह मन्त्रालयसँग परामर्श गरी बनाउनु पर्नेछ।

९४. **सूत्र परिचालन सम्बन्धी व्यवस्था**ः यस ऐन बमोजिमको उद्देश्य पूरा गर्न ब्युरोले प्रदेशभित्रको जुनसुकै स्थानमा आवश्यक सूत्र परिचालन गर्न सक्नेछ।

९५. **यसै ऐन बमोजिम हुने**: यस ऐनमा लेखिएकोमा यसै ऐन बमोजिम र अन्य व्यवस्थाको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

९६. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

९७. **निर्देशिका तथा कार्यविधि बनाउनेः** (१) यो ऐन तथा यस ऐन अन्तरगत बनेको नियामावलीको परिधिभित्र रही मन्त्रालयले आफ्नो काम कारबाही सञ्चालन गर्न आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गोप्य अभियान सञ्चालन, सूत्र परिचालन र सो अभियान तथा सूत्रको परिचालनको लागि कर्मचारी छनौट र व्यवस्थापन सम्बन्धमा मन्त्रालयको परामर्शमा ब्युरोको मुख्य कार्यालयले छुट्टै कार्यविधि बनाई लागू गर्न सक्नेछ।

९८. **प्रकाशन नगरिने**: दफा ९७ बमोजिम बन्ने निर्देशिका तथा कार्यविधि सार्वजनिक रूपमा प्रकाशन गरिने छैन।

**आज्ञाले,**
**नारायण प्रसाद शर्मा**
**प्रदेश सरकारको सचिव**

प्रमाणीकरण मितिः २०७९।०४।३०



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. २५।-